# बेलका नगरपालिकाको अति विपन्न नागरिकका लागि खाध्न्न वितरण कार्यविधि-२०७५

**(पहिलो संशोधन २०७९)**

**नगरकार्यपालिकावाट स्वीकृत**

**प्रमाणित मितिः-२०७९।०६।०९**

**प्रस्तावना:**

यस नगरपालिकाको क्षेत्र भित्र वसोवास गर्ने आर्थिक रुपले विपन्न, शारीरिक रुपले अशक्त, असाहय तथा साहारा विहिन व्यक्ति र परिवारको खाद्ध अधिकारका लागि नेपालिको संविधान २०७३ को धारा ३६ को खाद्यन्नको मौलिक हकलाई कार्यान्वयन गर्ने, दिगो विकासको लक्ष्यको दोश्रो लक्ष्य पुरा गर्न सबै जनताको भोकमरी अन्त्यलाई सुनिश्चित गर्न वेलका नगरपालिकाको प्रथम नगर सभाले सवैलाई सामाजिक न्याय प्रत्याभति गर्ने उद्वेश्य अनुरुप **विपन्न अशक्त र आश्रय विहिन जन्ताका लागि खाद्धन्न वितरण गर्ने कार्यक्रम**लाई व्यवस्थित गर्नका लगि **" बेलका नगरपालिकाका अति विपन्न नागरिककालागि खाद्धन्न वितरण कार्यविधि २०७५ ( पहिलो संशोधन २०७९)"** जारी गरिएको छ।

१. **कार्यविधि भन्नालेः-** बेलका दनगरपालिकामा अति विपन्न नागरिकका लागि खाध्यान्न वितरण सम्बन्धि कार्यविधि २०७५ लाई वुझिन्छ।

२. **परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

क) **"कार्यपालिका"** भन्नाले बेलका नगरकार्यपालिकालाई बुझ्नु पर्दछ।

ख) **"प्रमुख"** भन्नाले बेलका नगरपालिकाको नगरप्रमुखलाई बुझ्नु पर्दछ।

ग) **"उपप्रमुख"** भन्नाले बेलका नगरपालिकाको उपप्रमुखलाई जनाउँदछ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बेलका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ।

ङ) **"वडा कार्यलय"** भन्नाले बेलका नगरपलिकाको वडाहरुलाई बुझ्नु पर्दछ।

च) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको **अति विपन्न नागरिककालागि खाद्धन्न वितरण, सञ्चालन तथा व्यवस्थापन समिति**लाई जनाउँदछ।

छ) **"राहत कार्ड"** भन्नाले अनुसुचि-१ मा उल्लेखित रातो कार्डलाई जनाउँदछ।

३. **उद्धेश्यहरुः**

क) बेलका नगरपालिका भित्र स्थायी बसोबास गर्ने कुनै पनि आश्रय विहिन, अशक्त, व्यक्ति र परिवारको खाद्ध अधिकारलाई सुनिश्चित गर्ने।

ख) लोक कल्याणकारी राज्यको सिद्वान्त अनुरुप बेलका नगरपालिकाका अति विपन्न नागरिकहरुको आत्मसम्मान कार्य गर्ने ।

ग) सामाजिक न्यायको सिदान्तको प्रत्याभुति कायम गर्ने।

अशोक कार्की
नगर प्रमुख

४. **कार्यक्रम सञ्चालन समिति:** देहाय वमोजिमको सदस्यहरु रहने गरी एक कार्यक्रम सञ्चालन समिति रहनेछ ।

क) **नगर प्रमुख** – संयोजक

ख) **नगर उपप्रमुख** – पदेन सदस्य

ग) **प्रमुख प्रशासकीय** अधिकृत- सदस्य

घ) सम्बन्धित वडाका वडाध्यक्षहरु -पदेन सदस्य ।

ङ) नगरकार्यपालिकाले तोकेको सामाजक शाखा प्रमुख - सदस्य सचिव ।

५. **खाद्धन्न वितरणका मापदण्डहरु**

**अति विपन्न नागरिकका लागि खाध्न्न वितरण सम्बन्धि मादपदण्ड देहाय बमोजिमको हुनेछ ।**

**क)** बेलका नगरपालिकामा कम्तिमा ५ बर्ष देखि लगातार वसोवास भएको हुनु पर्नेछ ।

**ख)** आर्थिक रुपले अति विपन्न भएको हुनु पर्नेछ ।

ग) पारिवारीक रुपमा आश्रय नभएको हुनु पर्नेछ ।

घ) पारिवारीक रुपमा आश्रय भएको भएतापनि अरु सदस्य अशक्त वा अपाङ्गता भएको हुनु पर्नेछ ।

ङ) आफु वा परिवारका सदस्य ज्याला वा मजदुरी गरेर खान नसक्ने अवस्थाको हुनु पर्नेछ । वा दिर्ध रोगी भएको हुनु पर्नेछ

च) नेपाल सरकारको कुनै पनि निकायबाट सुविधा प्राप्त नगरेको ब्यक्ति वा परिवार हुनु पर्नेछ ।

**नोट:-** उल्लेखित मापदण्ड पुरा भएको भनि **टोल विकास संस्था र वडा कार्यालय**वाट सिफारीस भई समितिले ठहर गरेमा यो सुविधाको अन्त्य हुनेछ । साथै सुविधा प्राप्त लाभग्राहिको मृत्यु भएमा वा वसाई सराई गरी गएमा वा कसैले संरक्षकत्व प्रदान गरेमा समेत यो सुविधाको अन्त्य हुनेछ ।

छ) समितिको निर्णय अनुसार **प्रमुख प्रशासकिय अधिकृत**ले अनुसुचि १ को रातो रासन कार्ड प्रमाणित गरि उपलव्ध गराईनेछ ।

६. **खाद्धन्न वितरण प्रकृया:**

क) दफा ५ वमोजिमको मापदण्ड पुरा भएको प्रमाणित निवेदन वा सिफारीस सम्बन्धित टोल विकास संस्था र वडा कार्यालयको सिफारीस सहित निवेदन दिनु पर्नेछ ।

ख) प्राप्त निवेदन उपर समितिको स्थलगत अनुगमन पश्चात मापदण्डको एकिन गरिनेछ ।

ग) अनुगमनबाट प्राप्त प्रतिवेदनको आधारमा समितिको बैठकको निर्णय बमोजिम अति विपन्न नागरिकको एकिन गरी खाध्न्न वितरण गरिनेछ ।

७. **खाद्धन्न उपलब्ध गराउने सामाग्रीहरु:**

**क)** चामल-१५ के.जि. ख) दाल- २ के.जि. ३. तेल- २ लिटर ग) नुन (आयो) -१ के.जि.

**नोट:-** बजेट प्रयाप्तताको आधारमा उल्लेखित खाध्यन्न परिमाणमा बृद्धि वा हेरफेर वा न्यानो कपडा लगायतका अन्य आवश्यकीय उपभोग्य सामाग्रि उपलव्ध गर्न सकिनेछ ।

अशोक कार्की
नगर प्रमुख

अनुसुचि-१

**लाभग्रहीको नाम:-**

**ठेगाना:-**

**ना.प्र.प., जारी मिति र जिल्ला:-**

**परिचय पत्र नं.**

**जारी भएको मिति:-**

**लागु हुने मिति:-**

...............

प्रमाणित गर्नेको

**नाम:-**

**पद:**

**मिति:**

**खाद्धन्न वितरणको अभिलेख**

| सि.नं | महिना | सामाग्रिको नाम | बुझाएको मिति | बुझाउनेको हस्ताक्षर |
|---|---|---|---|---|
| १ | वैशाख | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| २ | जेष्ठ | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ३ | असार | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ४ | श्रावण | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ५ | भाद्र | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ६ | आश्विन | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ७ | कार्तिक | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ८ | मंसिर | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ९ | पौष | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| १० | माघ | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| ११ | फाल्गुन | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |
| १२ | चैत्र | चामल-१५, नुन-१, दाल- २ र तेल -२ लि. | | |

२०७६।६।१५

नगरप्रमुख

अशोक कार्की
नगर प्रमुख